जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १४९ | २०७८ साल पुस २६ गते सोमबार (10 Jan. 2022 Monday) | मूल्य रु. ५/-

हिंसामुक्त घर, सुखी परिवार

समृद्ध समाजको बलियो आधार ।

नेपाल सरकार

विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : प्रदेश नं २ मा कोरोनाको.. ३ पृष्ठमा : रासायनिक मल किफायत ... ३ पृष्ठमा : भारतमा थप एक लाख ५९ ...

## किसान आन्दोलनको बिरोधी होइन् : नगर प्रमुख साह



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

सप्तरीको हनुमानगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साहले किसानहरुको आन्दोलनको बिरोधमा आफूहरु नरहेको बताएका छन् ।

आईतवार पत्रकार सम्मेलनको आयोजना गर्दै उनले जनमत पार्टीद्वारा आफु र आफ्नो पार्टीलाई किसान विरोधी भनी लगाइएको आरोपको खण्डन गर्दै यस्तो बताएका हुन् । उनले किसानको समस्याबारे आफु पूर्ण जानकार रहेको बताउदै यसका लागी नगरपालिकाको श्रोत साधनले भ्याए सम्म सहयोग गरिरेको दाबी समेत गरे ।

गत पुष १० गते शनिबारका दिन जनमत पार्टीले हनुमानगर कंकालिनी नगरपालिका वडा ११ स्थित समुदायिक भवनमा किसानको मुद्दालाई लिएर कोण सभाको आयोजना गरेको थियो । उक्त सभामा वडा अध्यक्ष मोही यादवलाई लक्षित गरी जनमत पार्टीका नेता कार्यकर्ता गालिगलौजमा उत्रे पछि वडा अध्यक्ष पक्षधरले प्रतिवाद गर्दा कार्यक्रम बिथोलिएको नगर प्रमुख साहको भनाई छ ।

उक्त घटनाको विरोधमा जनमत पार्टीले दुई दिन अघि एक प्रेस विज्ञप्ती मार्फत किसानहरुको पक्षमा भईरहेको सभालाई वडा अध्यक्षले भाड्ने काम गरेको. र त्यसमा नगर प्रमुख साहको पनि भुमिका रहेको आरोप लगाएको थियो । उक्त विज्ञप्ती मार्फत जनमत पार्टीले नगर प्रमुख साह कै निर्देशनमा आफ्ना आधा दर्जन नेता कार्यकर्तालाई प्रहरीले पक्राउ गरी झुठा मुद्दा चलाएको आरोप समेत लगाएको थियो ।

उक्त आरोपको खण्डन गर्दै नगर प्रमुख साहले आफु र आफनो पार्टी किसानको हितका लागी लड्दै आएको दाबीका साथ जनमत पार्टीद्वारा लगाइएको सो आरोपमा कुनै सत्यता नभएको भनी पत्रकार सम्मेलन मार्फत स्पष्ट पारे ।

जनमत पार्टीका कार्यकर्तालाई प्रहरी लगाएर आफुले पक्राउ गराएको भन्ने आरोप समेत अस्विकार गर्दै उनले प्रहरीले अनुसन्धानका लागी कसैलाई पक्राउ गर्छ भने त्यसमा आफूलाई जोड्नुको कुनै औचित्य नरहेको बताए ।

## एमाले सप्तरीको अध्यक्ष ताराकान्त चौधरी

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

नेकपा (एमाले) सप्तरीको जिल्ला अधिवेशनबाट सर्वसम्मतले ताराकान्त चौधरीको अध्यक्षतामा १ सय ३१ सदस्यीय जिल्ला कमिटी गठन गरिएको छ ।

शनिबार राती सम्पन्न अधिवेशनको बन्दसत्रले नवगठित कमिटीका उपाध्यक्षमा अब्दुल मजिद साकिर, सचिवमा देवनाथ यादव, उपसचिवमा अखिलेश झा र कुसुम आचार्य चयन भएका छन् ।

यसैगरी सदस्यहरुमा बृजनारायण साह, युक्ति मरिक, बिन्दी मोची, वीरबहादुर मर्साङ्दी मगर, देवनारायण श्रेष्ठ, बद्रीनारायण चौधरी, चन्द्रमान विक, चौठीलाल खंग, लक्ष्मी मण्डल, शोभानन्द राय, डम्बरप्रसाद महतो, सलिम राइन, महेन्द्रनारायण पासवान, दुर्गानन्द ठाकुर, बिल्टु दास, अयुव राइन, प्रदीप मण्डल, उत्तम आचार्य, शिवनारायण साह, रामलगन सरदार, महेन्द्र विराजी, बिन्दु सदा, देवनारायण मरिक, पञ्चदेव खंग, इनरवती यादव, हरिशङ्कर इशर, डम्बर राई, राजेन्द्र सेन्चुरी, सन्तमान तामाङ, समु खातुन, ललितनारायण रजकलगायत छन् ।

यसैगरी २३ सदस्यीय सल्लाहकार कमिटिमा शङ्कर देव, मन्जु साह, भोला राउत, कुन्जीलाल चौधरी, मो युनिस, चित्रकला मगर, रामवृक्ष महतो, भुवन केसी, शत्रुघनप्रसाद यादव, मागैन मण्डललगायत चयन भएका छन् ।

नवनिर्वाचित कमिटीलाई एमालेका सचिव तथा प्रदेश २ का इन्चार्ज रघुवीर महासेठले पद तथा गोपनीयताको शपथग्रहण गराएका थिए ।

## काँग्रेसका नवनिर्वाचित पदाधिकारीलाई सम्मान एवं अभिनन्दन



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**


नेपाली काँग्रेस सप्तरीले आईतवार एक कार्यक्रमबीच प्रदेश २ र केन्द्रको अधिवेशनबाट निर्वाचित भएका पदाधिकारीहरुलाई सम्मान तथा अभिनन्दन गरेको छ ।

पार्टी कार्यालयमा आयोजित कार्यक्रममा केन्द्रिय सदस्य पदमा निर्वाचित दिनेश यादव, रमेश रिजाल र प्रदेश २ अधिवेशनबाट निर्वाचित प्रदेश सभापती कृष्णा यादव, महामन्त्री बृहस्पती कृष्ण श्रेष्ठ, सहमहामन्त्री परशुराम चौधरी र बिन्दु यादवलाई अभिनन्दन गरिएको हो ।

प्रदेश २ का सभापती कृष्णा यादवले आफु सबैको सभापती बनेर काम गर्न चाहेको र सबैलाई समेटेर अघि बढ्ने प्रतिबद्धता जनाए । पार्टीलाई एकताबद्ध बनाउन र अगामी निर्वाचनमा प्रदेश २ मा काँग्रेसलाई सम्मानजनक अवस्थामा पुर्‍याउन आफुलागी परेको बताउँदै उनले यस कार्यमा सबैले निवार्स्थ भई सघाउन आग्रह पनि गरे ।

आयोजित कार्यक्रममा सहभागि नेता/कार्यकर्ताहरुले पार्टीको आन्तरिक बिवाद समाधान गरी सन्तुलन बनाएर अघि बढे काँग्रेसले आगामी निर्वाचनमा उत्साहजनक सफलता प्राप्त गर्ने सुझाव दिएका छन् ।

कार्यक्रमका सहभागि सबै नेता कार्यकर्ताले गुट उपगुटका कारण विगतको निर्वाचनमा पार्टीले पराजयको पीडा सहनु परेको बताउँदै अगामी दिनमा गुट उपगुटको राजनीती अन्त्य हुनुपर्ने बताए । आन्तरिक विवाद समाधान गरी सन्तुलन बनाएर अघि बढ्नु पर्नेमा उनीहरुको जोड थियो ।



# प्रदेश नं २ मा कोरोनाको ग्राफ उकालो लाग्दै जाँदा खोप लगाउने दर बढ्न सकेन

**राजु विश्वकर्मा**

जनकपुर, २५ पुस (रासस)।

छिमेकी मुलुक भारतमा कोरोना भाइरस सङ्क्रमण तीव्र गतिमा बढेसँगै त्यसको असर प्रदेश नं २ का जिल्लाहरूमा पनि देखिन थालेको छ।

गत मङ्सिरको अन्तिम सातासम्म प्रदेश नं २ मा स्थिर देखिएको कोरोना भाइरस सङ्क्रमणको ग्राफ बिस्तारै बढ्दै जाँदा जोखिम बढ्ेको छ। यो प्रदेशको विभिन्न जिल्लामा पछिल्लो दुई दिनको अवधिमा ९९ को गरिएको स्वाब परीक्षणमा १६ जनाको रिपोर्ट पोजेटिभ आएको प्रदेश नं २ को प्रदेश स्वास्थ्य निर्देशनालय सपही धनुषाले जनाएको छ।

गत बिहीबार ६८ को स्वाब परीक्षण गर्दा नौ र शुक्रबार ३१ को स्वाब परीक्षण गर्दा सातजनाको रिपोर्ट पोजेटिभ आएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। पछिल्लो पटक दुई दिनमा धनुषामा पाँच, सिरहा र महोत्तरीमा चार/चार, सप्तरी, सर्लाही र पर्सामा एक/एक गरी १६ जनामा कोरोना भाइरस पोजेटिभ रिपोर्ट आएको प्रदेश नं २ को प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले जानकारी दिनुभयो। योसँगै प्रदेशभरि सक्रिय सङ्क्रमितको सङ्ख्या ७७ पुगेको छ। सङ्क्रमितहरू सबै होम आइसोलेसन रहेका छन्।

"मङ्सिरको अन्तिम सातासम्म कोरोना सङ्क्रमण दर स्थिर थियो", निर्देशक झाले भन्नुभयो, "तर पछिल्लो केही दिनदेखि कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ, यो खतराको सङ्केत हो।" अब पनि हेलचेक्र्याइँ गरिए स्थिति बिग्रिन सक्ने उहाँको भनाइ थियो। कोरोना सङ्क्रमणको ग्राफ बढ्दै गए पनि प्रदेश नं २ मा कोभिड-१९ विरुद्धको खोप लगाउनेको सङ्ख्या भने निराशाजनक देखिएको छ।

सरकारले २०७८ पुस मासन्तभित्र ६६ प्रतिशत नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउने लक्ष्य लिएकामा पुसको अन्तिम साता बित्नै लाग्दा प्रदेश नं २ मा ३८ प्रतिशतले मात्र खोप लगाएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। निर्देशक झाका अनुसार पुस महिना बित्नै लाग्दा यो प्रदेशमा पूर्ण डोज लगाउनेको सङ्ख्या ३८ प्रतिशत मात्र छन् भने एक डोज मात्र लगाउनेको सङ्ख्या करिब ५० प्रतिशत छ। सर्लाहीमा ४६ प्रतिशत, धनुषा, सप्तरी, बारा र पर्सामा ३८, सिरहामा ३७, रौतहटमा ३५ र महोत्तरीमा ३२ प्रतिशतले मात्र पूर्ण डोज खोप लगाएको निर्देशक झाले जानकारी दिनुभयो। उहाँका अनुसार एक मात्र डोज खोप लगाउने सङ्ख्या सर्लाहीमा ६८, बारामा ६४, सिरहा र महोत्तरीमा ६२, धनुषामा ५४, पर्सामा ५१, सप्तरीमा ५० र रौतहटमा ३९ प्रतिशत रहेको छ।

पुस महनाभित्र ६६ प्रतिशतलाई खोप लगाइसक्ने सरकारको लक्ष्य पूरा गर्न दैनिक एक लाख २९ हजार ३४२ जनालाई खोप लगाउनुपर्नेमा अहिले यो प्रदेशमा दैनिक २२ हजार ३४६ जनालाई मात्र खोप लगाइरहेको निर्देशक झाले जानकारी दिनुभयो। "यसरी यही गतिमा खोप अघि बढिरहे कोरोनाको तेस्रो लहर आउँदासम्म ५० प्रतिशतलाई पनि खोप लगाउन सक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "त्यही भएर हामीले खोप लगाउने कार्यलाई गति दिनुस् भनेर जिल्ला स्वास्थ्य तथा नगरपालिका र गाउँपालिकाका प्रमुखहरूलाई भन्यौं, तर जुन ढङ्गबाट गति लिनुपर्ने थियो, त्यो हुन सकेको छैन।" स्थानीय तहका जनप्रतिनिधिहरूले जसरी गम्भीरतापूर्वक लिनुपर्ने थियो त्यो नलिएका कारण खोप लगाउनेको सङ्ख्या नबढ्ेको निर्देशक झाको भनाइ छ।

यसअघिका कोरोना भाइरस सङ्क्रमणमा अन्य प्रदेशजस्तै यो प्रदेशले पनि ठूलै धनजनको क्षति व्यहोर्नु परेको छ। कोरोना भाइरस सङ्क्रमण सुरु भएयता हालसम्म प्रदेश नं २ मा एक हजार ४० जनाले ज्यान गुमाइसकेका छन्। हालसम्म यो प्रदेशमा दुई लाख २३ हजार २१३ जनाको स्वाब सङ्कलन गरी परीक्षण गर्दा ३८ हजार ६७९ जना सङ्क्रमित भएका छन्। त्यसमध्ये ३७ हजार ५६९ निको भएर घर फर्किसकेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

छिमेकी मुलुक भारतमा तेस्रो लहरको कोरोना सङ्क्रमण तीव्र गतिमा फैलिरहँदा माघको दोस्रो साताबाट नेपालमा पनि तेस्रो लहर फैलिन सक्ने विज्ञहरू चेतावनी दिइरहेका छन्। त्यसैले सम्भावित तेस्रो लहरबाट प्रदेशका नागरिकलाई जोगाउने तयारीमा प्रदेश सरकार जुटेको छ। कोरोना भाइरस सङ्क्रमणको जोखिम कम गर्न खोपलाई प्राथमकिता दिनुपर्ने र कोरोना फैलिन नदिन स्वास्थ्य सतर्कता अपनाउनुपर्ने सोचका साथ प्रदेश सरकार अघि बढेको प्रदेश नं २ का सामाजिक विकासमन्त्री नवकिशोर साहले बताउनुभयो।

"खोप लगाउनेको सङ्ख्या निराशाजनक देखिएको छ", उहाँले भन्नुभयो, "त्यही भएर जिल्लाका स्वास्थ्य कार्यालय प्रमुखहरू तत्काल खोप लगाउने कार्यलाई गति दिनुस् भने निर्देशन दिएका छौं।" केही दिनअघि मात्र मुख्यमन्त्रीको उपस्थितिमा बसेको प्रदेश सरकारका मन्त्रीहरू, आठवटै जिल्लाका प्रजिअ, जिल्ला स्वास्थ्य प्रमुखको बैठकमा पनि तत्काल खोप लगाउने कामलाई अघि बढाउने निर्णयसमेत भएको मन्त्री साहको भनाइ छ। यसबाहेक कोरोनाको तेस्रो लहर आउन सक्ने जोखिमलाई दृष्टिगत गरी आठवटै जिल्लामा स्वास्थ्य सतर्कता बढाएको बताएको छ। प्रदेश २ का जिल्लाहरू भारतीय सीमासँगै जोडिएकाले सीमानाकाहरूमा हेल्थ डेक्स स्थापना गरी एन्टीजेन विधिबाट स्वास्थ्य जाँच गर्न निगरानी बढाइएको मन्त्री साहले बताउनुभयो।

"प्रदेशभरिका सबै अस्पताललाई औषधिसहित अक्सिजनलगायत स्वास्थ्य सामग्रीहरू तयारी अवस्थामा राख्न निर्देशन दिएका छौं," मन्त्री साहले भन्नुभयो, "सम्भावित तेस्रो लहर आउन नदिन अपनाउनुपर्ने सतर्कताबारे प्रजिअ र स्थानीय तहका जनप्रनितिहरूसँग नियमित समन्वय भइरहेको छ।" यसबाहेक कोरोना सङ्क्रमण रोकथामबारे विभिन्न माध्यमबाट प्रचारप्रसारसमेत गर्दै आएको मन्त्री साहको भनाइ छ।

पहिलो र दोस्रो लहरको सङ्क्रमणका बेला प्रदेश नं २ मा देखिएको शचया र अक्सिजनको समस्या अब हुन नदिने तयारी भएको प्रदेश सरकारको भनाइ छ। "प्रदेश नं २ का आठवटा जिल्लामध्ये पाँच जिल्लाका अस्पतालमा अक्सिजन प्लान्ट जडान भइसकेको छ," मन्त्री साहले भन्नुभयो, "बारा, रौतहट र सर्लाहीमा पनि अक्सिजन प्लान्ट जडानको प्रक्रिया अघि बढेको छ, त्यहाँ पनि छिट्टै जडान हुन्छ।" त्यसैले अब प्रदेशमा अक्सिजनको समस्या हुँदैन, उहाँको विश्वास छ।

यो प्रदेशका १५ वटा अस्पतालमा ३४६ आइसोलेसन शचया, १९२ एडियू शचया, ९१ आइसियु शचया, ६३ भेन्टिलेटर छन् भने एक हजार ९६५ अक्सिजन सिलिन्डर मौज्दात रहेको प्रदेश स्वास्थ्य निर्देशनालय जनकपुरधामले जनाएको छ। यस्तै, प्रदेशभरि १२ वटा पिसिआर परीक्षण मेसिनबाट कोभिड-१९ जाँच हुँदै आएको जनाएको छ। भारतीय सीमानाकाबाट सङ्क्रमितलाई नेपाल प्रवेश गर्न नदिन प्रदेश नं २ का विभिन्न जिल्लास्थित सीमानाकाहरूमा हेल्थ डेक्स स्थापना भएको छ।

महोत्तरीको जलेश्वर भिठ्ठामोड, पर्साको वीरगञ्ज, रौतहटको गौर, सिरहाको माडर र औरहीस्थित नाकाहरूमा हेल्थ डेक्स स्थापना गरी भारतबाट आउनेहरूको स्वास्थ्य परीक्षण सुरु गरिसकेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

प्रदेश सरकार विगतको भन्दा अहिले कोरोना सङ्क्रमण रोकथामका लागि बढी सक्रिय देखिएकाले अघिल्लो कोरोनाकालको जस्तो सम्भावित तेस्रो लहरमा पीडा भोग्नु नपर्ने प्रदेशवासीहरूको विश्वास छ। "अघिल्लो दुई कोरोनाकालमा प्रदेश र स्थानीय सरकार जति सक्रिय हुनुपर्ने थिया, त्यति नभएकाले प्रदेश नं २ कोरोनाको हटस्पट बन्यो," जनकपुरधाम नगरपालिका-१७ का समीर महतोले भन्नुभयो, "त्यसैले सम्भावित जोखिमलाई ध्यानमा राखेर सरकारले तयारी गर्नु आवश्यक छ।" पहिलादेखि नै सर्वसाधारणसमेत सचेत भइसकेकाले पनि खासै ठूलो क्षति नहुने उहाँको भनाइ छ। यद्यपि स्वास्थ्य मापदण्डको पालना गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो।

# कोरोना संक्रमणका बेला प्राधिकरणको कमाई कति ?

काठमाडौँ, २५ पुस (रासस)।

कोरोना-१९ महामारीका कारण मुलुकको आर्थिक र सामाजिक क्षेत्रमा असर पर्‍यो। विशेषगरी अर्थतन्त्रको महत्वपूर्ण आधारमध्येको पर्यटन क्षेत्रमा त नराम्रो असर पर्‍यो।

पर्यटन क्षेत्रमा पनि सबैभन्दा बढी एयरलाइन्स र होटल क्षेत्र प्रताडित भए पनि नेपाल नागरिक उड्डयन प्राधिकरणले भने मुनामा कमाएको छ। प्राधिकरणको वार्षिक प्रगति प्रतिवेदनअनुसार आब ( २०७७/७८ मा प्राधिकरणको आय विमानस्थल विकास शुल्कबाहेक रु दुई अर्ब सात करोड ३२ लाख प्रक्षेपण गरिएकामा रु ५७ करोड ४५ लाख अर्थात् २७दशमलव७१ प्रतिशतले बढ्न गई रु दुई अर्ब ६४ करोड ७७ लाख आम्दानी भएको छ।

त्यसैगरी विमानस्थल विकास शुल्कतर्फ रु ६० करोड २८ लाख प्रक्षेपण गरिएकामा यथार्थमा रु २९ करोड ३२ लाख अर्थात् ४८दशमलव६४ प्रतिशतले घट्न गई रु ३० करोड ९६ लाख आम्दानी भएको छ।

आव २०७५/७६ मा रु नौ अर्ब एक करोड १८ लाख रहेको प्राधिकरणको कुल आम्दानी कोरोनाको असरले गर्दा आव २०७६/७७ मा करिब २९ प्रतिशतले घट्न गई रु छ अर्ब ३७ करोड ४९ लाख पुगेको छ। आव २०७७/७८ को कूल आम्दानी आव २०७५/७६ को तुलनामा करिब ६७ प्रतिशतले न्यून अर्थात् रु दुई अर्ब ९५ करोड ७३ लाख पुगेको छ।

आव २०७७/७८ मा प्राधिकरणको पुँजीगत खर्चतर्फ रु ३० हजार ६४ करोड ४८ लाख, कार्य सञ्चालनमा रु तीन अर्ब ५६ करोड ६० लाख, आयकर तथा अन्य खर्च रु छ अर्ब ८९ करोड ९५ लाख गरी जम्मा रु ४१ अर्ब ११ करोड तीन लाख व्यय अनुमान गरिएकामा पुंजीगत खर्च रु ११ अर्ब ३६ करोड २८ लाख, कार्यालय सञ्चालन खर्च रु दुई अर्ब ७५ करोड ९२ लाख र आयकर तथा अन्य खर्च रु दुई अर्ब ७० करोड १८ लाख गरी जम्मा रु १६ अर्ब ८२ करोड ४८ लाख खर्च भएको छ।

चालू आब का लागि पुँजीगत खर्चतर्फ रु ३२ अर्ब तीन करोड ५५ लाख र कार्य सञ्चालनतर्फ रु चार अर्ब १० करोड ८४ लाख गरी जम्मा रु ३६ अर्ब १४ करोड ३९ लाख विनियोजन गरिएको छ।

यस अतिरिक्त नेपाल सरकारलाई मू.अ.कर भुक्तानी रु दुई अर्ब ९२ करोड २३ लाख, लाभांश भुक्तानी रु ५२ करोड ३५ लाख, साँवा ब्याज भुक्तानी रु ६६ करोड ४६ लाख, प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनको लागि रु ४० करोड, कर्मचारी अवकास कोष तथा अन्य भुक्तानीको लागि रु ११ करोड ५६ लाख, कर्मचारी लाभान्स र स्थीर सम्पत्ति प्रतिस्थापनका लागि रु दुई अर्ब २२ करोड विनियोजन गरिएको प्राधिकरणले जनाएको छ।

चालू आर्थिक वर्ष २०७८/७९ को स्रोततर्फ नियमित आम्दानी रु पाँच अर्ब ५९ करोड २९ लाख, विमानस्थल विकास शुल्क रु ७९ करोड एवं ऋण, शेयर तथा अनुदानबाट रु २१ अर्ब ३४ करोड ३५ लाख गरी जम्मा रु २७ अर्ब ७२ करोड ६४ लाख हुने अनुमान गरिएको छ। विसं २०७८/७९ मा प्राधिकरणको कूल बजेट रु ४३ ४३ अर्ब ६७ करोड ७७ लाख रहेको छ। प्राधिकरणको आव २०७६/७७ सम्मको कूल सञ्चित नाफा रु १६ अर्ब एक करोड २० लाख रहेको छ।

# काजु र मधेसी बदाम आयात

काठमाडौँ, २५ पुस (रासस)।

सोधपुछ गर्ने हो भने काजु र मधेसी बदामको स्वाद नपाउने व्यक्ति यहाँ भेटिँदैन तर उत्पादनमा खासै साचो दखाएको पनि पाइँदैन। निजी क्षेत्रको केही चासो देखिए पनि सरकारी निकायबाट भने अझैसम्म काजु र बदामको उत्पादनमा ठोस पहल भएको पाइँदैन।

उच्च वर्गले धेरैजसो, मध्यम वर्गीय परिवारले कम र निम्न वर्गले कहिलेकाहीँ काजु र मधेसी बदामलाई सुख्खा फलफूलका रुपमा खाने गरेको पाइन्छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालय स्रोत भन्छ, "धान, मकै र गहुँको उत्पादन नै पुर्‍याउन नसकिएका बेला कता काजु र मधेसी बदामको उत्पादनमा चासो देखाउने।" मन्त्रालयका अधिकारीको जवाफ नेपालको संविधानसँग जोडिएको छ। संविधानले खाद्यान्नको सुनिश्चिता प्रदान गरेको छ। भन्सार विभागको तथ्याङ्कलाई आधार मान्ने हो भने आफ्नो उत्पादनले नपुगेका कारण वार्षिक झण्डै रु दुई अर्बको चामल आयात भएको देखिन्छ।

अंग्रेजीमा मधेसी बदामलाई 'आलमण्ड' भनिन्छ। नेपालीले आलमण्डलाई मधेशी बदाम र हाडे बदामको नामले चिन्दछन्। मधेसी बदाम मध्यम खालको रुखमा फल्ने फल हो। यो आरु, आरुपखडा, खुर्पानीजस्ता प्रजातिको रुखमा पर्दछ। कृषि विभागका अनुसार नेपालमा मधेसी बदाम खेतीका लागि प्रचुर सम्भावना भए पनि यसको व्यावसायिक खेती हुन सकेको छैन। खेर गइरहेको सुख्खा जमिन जहाँ आरु र आरुपखडाको खेती हुन्छ त्यहाँ मधेसी बदामको पनि सजिलै खेती गर्न सकिन्छ। त्यसैगरी काजु पनि तराईको उष्ण प्रदेशीय क्षेत्र जस्तै धनुषा, सिरहा, सप्तरीलगायत अन्य केही जिल्लामा खेती गर्न सकिने सम्भावना छ।

नेपाली बजारमा काजु प्रतिकेजी रु दुई हजार दुई सयदेखि रु दुई हजार पाँच सयसम्म र मधेसी बदाम रु दुईहजार आठसयदेखि रु तीन हजार सम्ममा खरिद गर्न सकिन्छ। जनताको क्रयशक्तिमा केही वृद्धि भएकाले काजु र मधेसी बदामको आयात बढेको अनुमान लगाउन सकिन्छ।

नेपालमा चालू आर्थिक वर्षको चार महिनामा रु एक अर्ब १७ करोड ७९ लाख ५४ हजार मूल्य बराबरको काजु र मधेसी बदाम आयात भएको छ। विभिन्न जातका काजु रु ६१ करोड ८४ लाख ३३ हजार र रु ५५ करोड ९५ लाख २१ हजारको मधेसी बदाम आयात भएका हुन्।

भन्सार विभागले प्रकाशित गरेको आव ०७८/७९ को चार महिना (कात्तिक मसान्तसम्म) को तथ्याङ्कमा नेपालीका महान् चाड विजया दशमी र तिहारलाई लक्ष गरी व्यापारीले काजु छ देश र मधेसी बदाम तीन देशबाट आयात गर्दै आएका छन्।

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रासायनिक मल किफायत गरी प्रयोग गर्न कृषकलाई आह्वान

काठमाडौँ, २४ पुस (रासस) ।

सरकारले रासायनिक मलको अन्तर्राष्ट्रिय बजारमै अभाव र अत्यधिक मूल्यवृद्धि भएको जनाउँदै उपलब्ध मल किफायत (फारु) गरी प्रयोग गर्न कृषकलाई सुझाव दिएको छ । नेपालले मल आयात गर्दै आएका कयौँ मुलुकले कच्चा पदार्थ अभाव र आन्तरिक खपत देखाउँदै निर्यात गर्न नसक्ने भनेपछि मल अभाव हुनसक्ने पूर्वानुमान गरी उपलब्ध मल किफायत गरी प्रयोग गर्न आग्रह गरिएको हो ।

यद्यपि सरकारले अघिल्ला वर्षका तुलनामा यस वर्ष रासायनिक मल खरिदका लागि बजेट वृद्धि गरेको छ । अघिल्लो वर्ष रु१३ अर्ब विनियोजन भएकामा यस वर्ष मलका लागि रु १५ अर्ब छुट्याइएको थियो । रासायनिक मलको माग र आपूर्ति अवस्थाबारे जानकारी दिँदै मन्त्रालयका उपसचिव गङ्गादत्त आचार्यले भन्नुभयो, "यो वर्ष मल खरिदका लागि १५ अर्ब बजेट विनियोजन भएको छ, मुलुकभित्र रासायनिक मलको बिक्रीमूल्य यथावत छ, खरिद मूल्य पोहोरको तुलनामा दोब्बरले बढेको छ ।"

रासायनिक मलमा मात्र भर नपर्न तथा प्राङ्गारिक मल प्रयोगमा बढवा दिन सुझाव दिँदै मन्त्रालयले रासायनिक मल एवं प्राङ्गारिक मलबीच सन्तुलन मिलाएर उत्तिकै खाद्यान्न उत्पादन वृद्धि गर्न सकिन्छ भन्नेमा ढुक्क हुन आश्वस्त तुल्याएको छ । अन्तर्राष्ट्रिय बजार मूल्य र अभावका कारण यस वर्ष पोहोरको भन्दा एक लाख मेट्रिक टन अर्थात् करिब तीन लाख मेट्रिक टनका लागि बोलपत्र आह्वान भएको छ । उक्त परिमाणको मल प्राप्त गर्न थप रु१३ अर्ब बजेट थप आवश्यक पर्नेछ । सरकारले हालसम्मकै वार्षिकरूपमा सबैभन्दा बढी अघिल्लो आर्थिक वर्ष चार लाख दुई हजार मेट्रिक टन रासायनिक मल आयात गरेको थियो ।

मुलुकमा वार्षिकरूपमा युरिया तीन लाख, डिएपी दुई लाख र पोटास २० हजार मेट्रिक टनको प्रभावकारी माग रहेको मन्त्रालयको भनाइ छ । अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा मुलुकको मलको माग धान्न करिब रु ६० अर्बभन्दा बढी बजेट आवश्यक पर्ने छ । देशमा खासगरी धान, गहुँ, मकै, कोदो, उखु, चिया, तोरी र तरकारीका लागि मलको माग र खपत हुँदै आएको छ ।

मन्त्रालयले बालीनालीका लागि जति मल आवश्यकता पर्छ त्यति ल्याउन सकेको छैन । रासायनिक मलका लागि आवश्यक बजेट बिनियोजन नहुने, ठेक्का समयमा नलाग्ने तथा लागिहाले पनि समयमा मल भित्रयाउन नसक्दा सिजनमा मल अभाव हुँदै आएको छ ।

अन्तर्राष्ट्रिय बजारबाट विभिन्न चरण पूरा गरेर ल्याउनुपर्ने भएकाले रासायनिक मल आयातमै पनि कतिपय व्यवधान छ । सामान्य अवस्थामा बोलपत्र आह्वानदेखि मुलुकभित्र मल आइपुग्न छ महिनाको अवधि लाग्छ । बाली लगाउने बेला (सिजन)मा समयमै माग भएको परिमाणमा मल दिन नसकेमा मल अभाव भएको मानिन्छ । धान, चिया, उखु र तरकारीलाई जेठदेखि असोज, गहुँ, उखु र तरकारीलाई कात्तिकदेखि पुस तथा चैतेधान, मकै र तरकारीलाई माघदेखि वैशाखसम्म आवश्यकतानुसार युरिया, डिएपी र पोटास मल चाहिन्छ ।

यस वर्ष साल्टट्रेडिङ कम्पनी लिमिटेडले एक लाख ९८ हजार र कृषि सामग्री संस्थानले एक लाख मेट्रिक टन रासायनिक मलका लागि ठेक्का गरे छ । अपुग रकम अर्थमन्त्रालयसँग माग भइसकेको छ । मन्त्रालयको रासायनिक मल आयातसम्बन्धी शाखाका निर्देशक आचार्य भन्नुहुन्छ, "अन्तर्राष्ट्रिय बजारमा मल अभाव छ, चीनले मल अभाव देखाउँदै मल निर्यात गर्ने भनेको छ, भारतमै पनि अभाव छ, उपलब्ध हुने सुनिश्चित कमजोर छ, मल पर्याप्त नभएकाले किफायत गरेर चलाउन कृषकलाई आह्वान गर्नुपरेको हो ।"

अहिले बोलपत्र भएन भने असारमा मल ल्याउन कठिन हुने जनाउँदै मन्त्रालयले केही दिनअघि संसदीय समितिलाई सबै कुरा सुनिश्चित भए बोलपत्र भएको मितिबाट मल खरिद गरी स्वदेश आइपुग्न करिब २९६ दिन लाग्ने जानकारी गराएको थियो । नेपालमा खासगरी चीन, भारत, मोरक्कोसहित खाडी मुलुकबाट ठेकेदारमार्फत मल गरिद गरी आयात गरिँदै आएको छ ।

मलको आवश्यकता सदाका लागि सम्बोधन गर्न मुलुकमै मल कारखाना स्थापनाका लागि अध्ययन भइरहेको जानकारी दिइएको छ । मल कारखाना स्थापनाका लागि आवश्यक कच्चा पदार्थका रूपमा ग्यास र विद्युत्को नियमित आपूर्तिको सुनिश्चितताप्रवर्द्धनको खाँचो औँल्याएको छ हुनुपर्नेछ । कारखाना स्थापनाका लागि करिब रु एक खर्ब २५ अर्ब बजेट लाग्ने पूर्वानुमान छ ।

सङ्घीय मन्त्रालय, प्रदेश र स्थानीय तहको समन्वयनमा रासायनिक मल अभावलाई सामना गर्न जैविक तथा प्राङ्गारिक मल प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाउन लागेको जानकारी दिइएको छ । सरकारले हाल रासायनिक मलमा कृषकलाई प्रतिकिलो रु १०० भन्दा बढी अनुदान दिँदै आएको छ । मुलुकमा सबैभन्दा बढी मल खपत प्रदेश नं २ मा हुने गरेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा हुन्छ । अनुदानको मल वितरण व्यवस्थापन निर्देशिकामा प्रत्येक स्थानीय तहले आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने अनुदानको रासायनिक मलको प्रकार र परिमाण खुलाई हरेक वर्ष माघ मसान्तभित्र प्रदेश कृषि मन्त्रालयमा पठाउने र सम्बन्धित प्रदेश मन्त्रालयले माग एकीकृत गरी फागुन मसान्तभित्र सङ्घीय मन्त्रालयमा पठाउने व्यवस्था छ ।

सो व्यवस्थानुसार चालु आव २०७८/७९ का लागि युरिया छ लाख ५२ हजार, डिएपी तीन लाख ६५ हजार र पोटास एक लाख ५८ हजार मेट्रिक टन मल माग भइआएको थियो । मन्त्रालयका अनुसार मलको माग र खपतलाई विश्लेषण गर्दा आवश्यक पर्ने जम्मा परिमाणको करिब ४० प्रतिशत मलखादको प्रभावकारी माग रहिआएको छ । रासायनिक मलको आयात प्रतिस्थापन गर्न सरकारले भकारो सुधारलगायतका कार्यक्रम सञ्चालन गरिरहेको छ । रासायनिक मल व्यवस्थापन : हालको अवस्था र भावी कार्यदिशाबारे जानकारी दिँदै मन्त्रालयले मलमा आत्मनिर्भर हुन जैविक तथा प्राङ्गारिक मल

## *काजु र मधेसी ...*

काजु भारत, चीन, मोजाम्बिक, नाइजेरिया, सिङ्गापुर, भियतनाम तथा मधेसी बदाम भारत, अमेरिका र अफगानस्तानबाट आयात हुँदै आएको छ ।सबैभन्दा धेरै काजु आयात हुने देशमा भारत पर्छ । त्यहाँबाट चालू आर्थिक वर्षको चार महिनामा रु ३६ करोड ५० लाख १३ हजार खर्चेर चार लाख १७ हजार ४८४ केजी काजु आयात भएको देखिन्छ ।

दोस्रो काजु आयात हुने देशमा भियतनाम पर्छ । त्यहाँबाट सोही अवधिमा रु १४ करोड ५३लाख, ६६ हजार खर्चेर एक लाख ८३ हजार ५५४ केजी काजु खरिद गरिएको छ । धेरै काजु आयात हुने तेस्रो देशमा मोजाम्बिक पर्छ । त्यस मुलुकबाट पनि रु सात करोड तीन लाख ९७ हजार खर्चेर ८९ हजार ९०० केजी काजु खरिद गरिएको छ । यस्तै नाइजेरीयाबाट रु तीन करोड ५१ लाख ८४ हजारमा ४५ हजार ४५२ केजी र सिङ्गापुरबाट रु नौ लाख चार हजारमा एक हजारमा १३४ केजी काजु आयात भएको छ ।

सबैभन्दा धेरै मधेसी बदाम अमेरिकाबाट आयात हुँदै आएको छ । चालू आर्थिक वर्षको चार महिनामा त्यहाँबाट रु ५५करोड ७६ लाख २९ हजारमा नौ लाख नौ हजार ५६० केजी बदाम आयात भएको छ । भारतबाट रु १५ लाख ६८ हजारमा एक हजार ६३२ केजी र अफगानिस्तानबाट रु तीन लाख २४ हजारमा ५०४ केजी मधेसी बदाम आयात भएको छ । सो अवधिमा काजुको आयातबाट रु १८ करोड १५ लाख चालिस हजार र बदामबाट रु १७ करोड १६ लाख ५४ हजार राजस्व सरकारलाई प्राप्त भएको छ ।

नेपालमा काजु र मधेसी बदाम भइ मसलाको रूपमा तिहार, अन्य चाडपर्व, विवाहलगायत शुभकार्यमा प्रयोग हुनाका साथै सुख्खा फलफूलका रुपमा उपभोग गरिन्छ ।

---

**राजविराज नगरपालिका**

**३ नं. वडा कार्यालय**

**राजविराज, सप्तरी**

**२ नं. प्रदेश, नेपाल**

पत्र संख्या: २०७८/०७९
चलानी नम्बर ४२८

मिति २०७८।०९।२५

विषय : सूचना सूचना सूचना

**वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना**

जिल्ला सप्तरी, राजबिराज नगरपालिका साविक वार्ड न ४ हाल वार्ड नं ३ बस्ने प्रशान्त तातेडले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७८।०९।२५ मा द.न. २५६ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम नै जाने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

जि.स.रा.बि.न.पा. वा.नं ३ बस्ने श्री हंसराज तातेड नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.बि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| उदयपुर | जोगिदह | १ (क) | २८४ | २- ६-३ |
| उदयपुर | जोगिदह | १ (क) | २९७ | ०-१७-९ |
| उदयपुर | जोगिदह | १ (क) | २९९ | ०-१२-२ १/२ |
| उदयपुर | जोगिदह | १ (क) | १०९ | ०-११-११ |
| उदयपुर | जोगिदह | १ (ख) | ७५ | ४-१०-८ |

सुदर्शन प्रसाद सिंह
वडा अध्यक्ष
(वडा नं. ३)

---

# विश्व समाचार

## भारतमा थप एक लाख ५९ हजारभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २५ पुस (रासस/एएनआई) ।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप एक लाख ५९ हजार ६३२ सङ्क्रमित भएको केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले आइतबार जानकारी दिएको छ । यसैसँगै भारतमा कोरोना सुरु भएदेखि हालसम्म तीन करोड ५५ लाख आठ हजार सङ्क्रमित भएका छन् ।

हाल यहाँ तीन हजार ५२३ जना ओमिक्रोनका सङ्क्रमित रहेका पनि सो मन्त्रालयले आइतबार जानकारी दिएको छ । ओमिक्रोनका ती सङ्क्रमितमा एक हजार ४०९ भने कोरोना मुक्त भएका जनाइएको छ ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या पाँच लाख ९० हजार ६११ रहेका छन् । गएको २४ घण्टामा भारतमा ४० हजार ८६३ कोरोनाबाट मुक्त भएका छन् । यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४४ लाख ५३ हजार ६०३ जना कोरोना सङ्क्रमण निको भएकाले कोरोना भाइरस निको हुने दर ९६.९८ प्रतिशत रहेको जनाइएको छ ।

सोही अवधिमा थप ३२७ को कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ । यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८३ हजार ७९० छ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ ।

कोरोना सुरु भएदेखि हालसम्म ६९ करोड ३४ हजारभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब ५१ करोड ५७ लाख ६० हजारभन्दा बढी डोज खोप लगाइएको जनाइएको छ ।

## पाकिस्तानमा भारी वर्षा र हिमपातमा परी ४१ को मृत्यु

इस्लामावाद, २५ पुस (रासस/सिन्ह्वा) ।

पाकिस्तामा पछिल्ला केही दिनमा भएको भारी वर्षा र हिमपातका कारण ४१ को ज्यान गएको बताइएको छ । शनिबारसम्म यहाँ ४१ जनाको भारी वर्षा र हिमपातमा परेर मृत्यु भएको अधिकारीले जनाएका छन् ।

त्यसैगरी यहाँका सयौँ व्यक्ति विस्थापित भएका पनि सो समाचारमा जनाइएको छ । पाकिस्तानका अधिकारीले यहाँका ठूलो सङ्ख्याका भौतिक संरचनामा पनि क्षति पुगेको बताएका छन् ।

यहाँको प्राकृतिक प्रकोप व्यवस्थापन विभागले शनिवार रातिसम्म अविरलरुपमा पानी परिरहेको बताएको छ । देशको उत्तरी क्षेत्र मुरीमा एक सवारी साधन नै हिउँमा फसेको र त्यसमा परेर २२ जनाको ज्यान गएको थियो ।

सवारी साधन हिउँमा फसेपछि निस्किन नसकेको यहाँको प्रहरीले जनाएको छ । त्यस दुर्घटनामा परेर अरु कैयौं व्यक्ति घाइते पनि भएका बताइएको छ ।

मुरीमा भारी मात्रामा हिमपात भएको छ । त्यसमा परेर विदेशी र स्वदेशी पर्यटकका गरी सयौँ सवारी साधन फसेका छन् । ती सवारी साधनको उद्धारका लागि पाकिस्तानको सरकारले ठूलो सङ्ख्यामा प्रहरी र उद्धारकर्मी परिचालन गरेको बताएको छ ।

## पाकिस्तानको बलुचिस्तान प्रान्तमा ६ आतंकारी मारिए

क्वेटा (पाकिस्तान), २५ पुस (रासस-एएनआई) ।

पाकिस्तानको बलुचिस्तान प्रान्तमा प्रान्तीय राजधानी क्वेटाको पूर्वीबाइपास क्षेत्रमा सञ्चालन गरिएको काउन्टर-टेररिज्म डिपार्टमेन्ट (CTD)को कारवाहीमा कम्तिमा छ कथित आतङ्कवादी मारिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

प्रतिबन्धित सङ्गठनका छ कथित आतङ्कारी छापा मार्ने क्रममा सुरक्षा टोलीसँगको गोली हानाहानमा मारिएको एआरवाई न्यूजले सीटीडीलाई आइतबार एक विज्ञप्तिमा उद्धृत गर्दै जनाएको छ । आतङ्कारी लुकेको ठाउँबाट हतियार र विष्फोटक पदार्थ पनि बरामद गरिएको छ । कथित आतङ्कवादी पक्राउ गर्नेलाई पाकिस्तानी रुपैयाँ २० लाख इनाम रकम थियो ।

यसअघि शनिबार पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा प्रहरीसँगको गोली हानाहानमा दुई आतङ्कवादी मारिएका थिए ।

## भारतीय संसद्का ४०० भन्दा बढी कर्मचारीमा कोभिड संक्रमण

नयाँ दिल्ली, २५ पुस (रासस-सिन्ह्वा) ।

भारतमा संसद्का ४०० भन्दा बढी कर्मचारीमा कोभिड-१९को सङ्क्रमण पुष्टि भएको स्थानीय सञ्चारमाध्यमले आइतवार जनाएको छ । अधिकारीका अनुसार कर्मचारीलाई मङ्गलबारदेखि शनिबारसम्म अनियमित परीक्षणको क्रममा उक्त सङ्क्रमण देखिएको हो । संसद्को बजेट अधिवेशनअघि नै सङ्क्रमित भेटिएका हुन् । एक स्थानीय समाचार एजेन्सीले जनाएअनुसार १,४०९ संसद् कर्मचारीमध्ये ४०२मा सङ्क्रमण पुष्टि भएको हो ।

"जनवरी ४ देखि जनवरी ८ सम्म गरिएको परीक्षणमा ४०२ कर्मचारीमा सङ्क्रमण देखिएको छ । ती सबै नमूना ओमिक्रोन भेरियन्ट कन्फर्मेसनको लागि जीनोम सिक्वेन्सिङमा पठाइएको छ," एजेन्सीले एक अधिकारीले भने । संसद्का कर्मचारीको आन्तरिक सन्देशमा कर्मचारीलाई सरकारको निर्देशनअनुसार सावधानी अपनाउन सुझाव दिइएको प्रतिवेदनमा उल्लेख छ ।

स्थानीय सञ्चारमाध्यममा उद्धृत गरिएको आन्तरिक सन्देशमा भनिएको छ, लोकसभाका २०० र राज्यसभाबाट ६९ र १३३ सहयोगी कर्मचारीको परीक्षण पोजेटिभ देखिएको छ ।

# भारत्तोलनका खेलाडीहरुको विदाई




**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**
पुस २७ गतेदेखी काठमाडौंमा आयोजना हुने २४ औं पुरुष तथा ९ औं महिला राष्ट्रिय भारत्तोलन प्रतियोगितामा सहभागि हुन गएका सप्तरीका खेलाडीहरुलाई आईतवार विदाई गरिएको छ ।

भारत्तोलन संघ सप्तरीले पुष २७ देखी पुष २९ सम्म आयोजना हुने उक्त प्रतियोगिताका लागी छनौट भएका एक जना पुरुष तथा सात जना महिला खेलाडीलाई एक कार्यक्रमबीच विदाई गरेको हो ।

सो अवसरमा भारत्तोलनका सहायक प्रशिक्षक पुन्तीलाल यादवले उक्त प्रतियोगितामा सप्तरीका खेलाडीले विभिन्न आठ तौल समुहमा प्रतिस्पर्धा गर्ने र कम्तिमा चार स्वर्ण पदक जित्ने दाबी गरे । उनले प्रतियोगितामा मुलुकै सबभन्दा कान्छी खेलाडीको रुपमा सप्तरीबाट १३ वर्षिया अन्जली यादव र अम्बिका यादव सहभागी हुन लागेको जानकारी पनि दिए ।

विदाईका अवसरमा राजविराज ७ निवासी खेल प्रेमि एवं समाजसेवी त्रिलोक प्रसाद उपाध्यायले व्यक्तीगत रुपमा खेलाडीहरुलाई ट्र्याकसुट प्रदान गरेका थिए ।

भारत्तोलन संघ सप्तरीका अध्यक्ष एवं केन्द्रिय सदस्य महेश यादवले खेलाडीहरुलाई विदाई गर्दै अनुशासन र नियमको पालना गर्दै अघि बढ्न सुझाव दिए । विदाई समरोहमा संघका सचिव गोपाल प्रसाद गुप्ता, सल्लाहकार नवीन कुमार गुप्ता, खेलकुद पत्रकार मंचका अध्यक्ष मनोज कुमार माझी लगायतले शुभकामना दिएका थिए ।

प्रतियोगितामा तीन विभागीय टोलीका साथै देशभरका २ सय ४५ भन्दा बढी खेलाडी र अफिसियलको सभागिता रहने भारत्तोलन संघले जनाएको छ ।

# जनमतद्वारा किसानको माग पुरा गराउन ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**
आन्दोलनरत जनमत पार्टीले किसानहरुको माग पुरा गराउन सप्तरीस्थित विभिन्न स्थानीय तहहरुमा ज्ञापन पत्र बुझाएको छ ।

आईतवार सो पार्टीले राजविराज नगरपालिकामा किसानहरुले भोग्नु परिरहेको समस्या समाधानका लागी पहल गर्न ११ बुदें ज्ञापन पत्र बुझाएको हो ।

जनमत पार्टीका नगर अध्यक्ष सुजित कुमार मण्डलको नेतृत्वमा उपप्रमुख साधना झालाई बुझाइएको ज्ञापन पत्र मार्फत किसानका लागी समयमा मलखाद, विऊ बिजनको व्यवस्था गर्न, हावाहुरी र बेमौसमी वर्षाले अन्नबालीमा पुऱ्याएको क्षती विवरण संकलन गरी क्षतीपुर्तीको व्यवस्था गर्न, किसान परिचय पत्रको व्यवस्था र किसानलाई पेनशनको व्यवस्था गर्न माग गरिएको छ ।

यस्तै झुठा मुद्दा लगाई पक्राउ गरीएका किसानको अविलम्ब रिहाई, उखु किसानको भुक्तानी र सिचाई पुग्न नसकेका स्थानमा किसानका लागी निशुल्क बिजुलीको व्यवस्थाका लागी पहल गर्न समेत ज्ञापन पत्र मार्फत माग गरिएको छ ।

ज्ञापन पत्र बुझ्दै उपप्रमुख झाले नगरपालिकाबाट सम्भव भएका सेवा सुविधा उपलब्ध गराउने र सो बाहेक कामका लागी सम्बन्धित निकायमा पहल गर्ने प्रतिबद्धता जनाएको सो पार्टीले जनाएको छ ।

# कोरोनाका कारण १५ दिन शैक्षिक संस्था बन्द गर्न माग

काठमाडौं, २५ पुस (रासस) ।
नेपाली कांग्रेसका नेता नैनसिंह महरले कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको जोखिमलाई मध्यनजर गर्दै १५ दिन शैक्षिक संस्था बन्द गर्नुपर्ने बताउनुभएको छ ।

थारु विद्यार्थी सङ्घ केन्द्रीय समितिको आयोजनामा 'ओमिक्रोन र शैक्षिक क्षेत्रमा यसले निम्त्याउने सङ्कट' विषयक अन्तर्क्रियामा उहाँले मुलुकमा पुनः कोरोनाको जोखिम बढेकाले बालबालिकालाई त्यसको खतराबाट बचाउनुपर्नेमा जोड दिनुभएको हो ।

नेता महरले भन्नुभयो, "हामीले १८ वर्ष मुनिका सबै बालबालिकालाई खोप उपलब्ध गराउन सकेका छैनौं । छिमेकीमुलुक भारतमा पनि कोरोना सङ्क्रमण तीव्र भएसँगै नेपाल पनि त्यसको उच्च जोखिममा छ । यस्तो अवस्थामा बालबालिकालाई जोगाउन १५ दिन शैक्षिक संस्था बन्द गर्नु उत्तम देखिन्छ ।"

नेपाल विद्यार्थी सङ्घका अध्यक्षसमेत रहनुभएका उहाँले सरोकार निकायसँगको परामर्शका आधारमा स्थानीय, प्रदेश र केन्द्रीय सरकारले नै चाँडै कोरोना रोकथामको नीति अवलम्बन गर्न आवश्यक रहेको छ भन्नुभयो ।

कोरोना महामारी नियन्त्रणमा स्वास्थ्य सावधानी र खोप नै सबैभन्दा उत्तम विकल्प भएकाले सरकारले सबैको पहुँचमा हुनेगरी सहजरूपले खोप उपलब्ध गराउन ध्यान दिनुपर्ने तेता महरको भनाइ थियो । कार्यक्रममा सहभागी शिक्षाविद् एवं शिक्षा क्षेत्रका सरोकारवालाले पनि कोरोनाको अर्को लहरबाट बालबालिकालाई जोगाउन केही दिन विद्यालय बन्द गर्नु नै उत्तम विकल्प हुने सुझाव दिएका थिए ।

# थप एक हजार १ सय ६७ संक्रमित

काठमाडौं, २५ पुस (रासस) ।
देशभर पछिल्लो २४ घण्टामा थप एक हजार १६७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा १२ हजार ६३२ जनाको नमूना परीक्षण गरिएको थियो । आठ हजार ८४८ जनाले पिसिआर र तीन हजार ७८४ जनाले एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा २२४ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको संख्या आठ लाख १४ हजार २३० पुगेको छ । नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ३२ हजार ५८९ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा ९७ हजार ४१५ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ ।

पिसिआर विधिबाट परीक्षण गर्नेको संख्या ४९ लाख २८ हजार ६२४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ५८ हजार ३७९ पुगेको छ । कोभिडविरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा ४५ हजार ४९३ रहेको छ । हाल सक्रिय सङ्क्रमितको संख्या छ हजार ७५५ रहेको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट दुईजनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६०४ पुगेको छ । हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा १६ र आइसियुमा ७७ जना रहेका छन् । होम आइसोलेसनमा छ हजार १२७, संस्थागत आइसोलेसनमा ६२८ र क्वारेन्टिनमा ११३ रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लाहरुमा काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन् भने दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लाहरुमा सुनसरी, कास्की, बाँके र कैलाली छन् । शून्य सङ्क्रमित रहेका जिल्लाहरुमा मनाङ, मुस्ताङ र र मुगु रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा दुई हजार ९०, ललितपुर ८०३ र भक्तपुरमा ५८८ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचन आचारसंहिता आजदेखि लागू

काठमाडौं, २५ पुस (रासस) ।
राष्ट्रियसभा सदस्यको आगामी माघ १२ गते हुने निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्न निर्वाचन आचारसंहिता आजदेखि लागू हुने गरी जारी गरिएको छ ।

निर्वाचन आचारसंहिता, २०७२ व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ । आचारसंहिता पालना सम्बन्धित सबैको कानूनी तथा नैतिक दायित्व हुने भएकाले पूर्णरूपमा पालना गर्न/गराउन सम्पूर्ण सरोकारवालामा निर्देश गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

उक्त निर्वाचन आचारसंहिता नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र स्थानीय तह, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी, सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारीलाई लागू हुनेछ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठनलाई समेत आचारसंहिता लागू हुने आयोगले जनाएको छ । उम्मेदवार तथा सम्बन्धित व्यक्ति, सार्वजनिक पदधारण गरेको व्यक्ति, पर्यवेक्षक, सरकारी तथा निजी क्षेत्रका सञ्चारमाध्यम, निजी तथा गैरसरकारी संस्था र नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले पनि निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेछ ।

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।

**स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*